# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal

केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

### स्थानीय तह निर्वाचन, २०७९ को सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगको अपिल



आसन्न स्थानीय तहको निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराई व्यक्तिका नागरिक तथा राजनीतिक अधिकारहरूको पूर्ण सम्मान र संरक्षण गर्नको लागि राष्ट्रिय मानव अधिकार आयोग सम्पूर्ण सरोकारवालाहरूसँग विशेष अपिल गर्दछ ।

निर्वाचनलाई विश्वसनीय बनाउन मतदाताहरूलाई निर्भयतापूर्वक मतदान गर्ने वातावरण निर्माण गर्नु आवश्यक भएकाले निर्वाचनको सम्पूर्ण प्रक्रियामा शान्ति सुरक्षा कायम राख्न, सामाजिक सद्भाव बिग्रने गतिविधि गर्न नदिन र निर्वाचनमा सबै पक्षको सहभागिताको सुनिश्चिता गर्न गराउन आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

राजनीतिक दल तथा उम्मेदवारहरूले सबैको संविधानप्रदत्त विचार र अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर्न, कुनै पनि व्यक्ति, उम्मेदवार, जातजाति, धर्म, सम्प्रदाय बीचको सम्बन्धलाई खलल पार्ने, होच्याउने प्रकृतिका विचार प्रकट नगर्न, आफ्नो अभिव्यक्ति स्वतन्त्रताको प्रयोग गर्दा अन्य व्यक्ति, समुदाय, दल र उम्मेदवार समेतको स्वतन्त्रता र मर्यादाको सम्मान र रक्षा गर्न, मानव अधिकार, प्रेस स्वतन्त्रता लगायत आधारभूत वैयक्तिक स्वतन्त्रताका मूल्य मान्यताको पूर्णतः सम्मान गर्न तथा निर्वाचन आचारसंहिताको पालना गर्न आयोग राजनीतिक दल तथा उम्मेदवारहरूलाई आग्रह गर्दछ ।

यसैगरी निर्वाचन आयोगबाट जारी भएको आचारसंहिताको पूर्णरुपमा पालना गराउन, दृष्टिविहिन तथा अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, सुत्केरी, बिरामी, अशक्त र किरियापुत्रीहरूलाई मतदान केन्द्रमा सहज पहुँचको व्यवस्था गर्न आयोग निर्वाचन आयोगलाई अनुरोध गर्दछ ।

निर्वाचन पर्यवेक्षकहरूले पर्यवक्षकको सीमा भित्र रही निष्पक्ष र तटस्थ रुपमा निर्वाचनको पर्यवेक्षण गर्न पर्यवेक्षणमा संलग्न सबै व्यक्ति तथा संघसंस्थाहरूलाई आयोग आग्रह गर्दछ । साथै, निर्वाचनलाई प्रतिकूल असर पार्ने खालका सामग्री वितरण एवम् सम्प्रेषण नगर्न, कुनै पनि व्यक्ति, जातजाति, धर्म, सम्प्रदाय बीचको सम्बन्धलाई खलल पार्ने, होच्याउने प्रकृतिका विचार प्रवाह नगर्न, नगराउन र निर्वाचन आचारसंहिता प्रभावकारी रुपमा पालन गर्ने, गराउने सन्दर्भमा सदैव सकारात्मक भूमिका निर्वाह गर्न सामाजिक सञ्जाल प्रयोगकर्ता, आम नागरिक तथा सञ्चार माध्यमहरूलाई आयोग आग्रह गर्दछ ।

अन्त्यमा, यही वैशाख ३० गते हुन गइरहेको स्थानीय तहको निर्वाचनमा आफ्ना अधिकारको बारेमा सचेत रहँदै कसैको पनि दबाव  र प्रभावमा नपरी निर्भिकताका साथ आफूले उपयुक्त ठानेको सक्षम जनप्रतिनिधि छनौट गर्न सम्पूर्ण मतदाताहरूलाई आयोग विनम्र आग्रह गर्दछ ।

२९ वैशाख, २०७९

तप बहादुर मगर
अध्यक्ष

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org